# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आषाढ ५ गते २०२४ साल

श्री ५ को सरकार

### गृह पञ्चायत–मन्त्रालयको

### सूचना

यस मन्त्रालयको मिति २०२२।७।२३ को नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार धवलागिरी अञ्चलाधीश कार्यालय मुस्ताङ् शाखा र कर्णाली अञ्चलाधीश कार्यालय हुम्ला शाखाको कार्यक्षेत्र निर्धारित भैरहेकोमा श्री ५ को सरकारले मिति २०२४।१।१३ मा गरेको निर्णयानुसार देहायबमोजिम कार्यक्षेत्र निर्धारित गरिदिएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ :–

(१) धवलागिरी अञ्चलाधीश कार्यालय मुस्ताङ् शाखाको प्रशासन क्षेत्रमा सम्पूर्ण मुस्ताङ् जिल्ला समावेश गर्ने ।

(२) छार्का भोटको प्रशासन मुस्ताङ् शाखाबाट झिकी डोल्पा जिल्लामा समावेश गर्ने ।

(३) मनांग भोटको प्रशासन मुस्ताङ शाखाबाट झिकी गण्डकी अञ्चलाधीश कार्यालय शाखा नं. २ पोखरा ( कास्की ) मा समावेश गर्ने ।

(४) मुगु र हुम्ला सम्पूर्ण जिल्लाको प्रशासन हुम्ला शाखामा समावेश गर्ने ।

आज्ञाले–

उपरथी छेत्रविक्रम राणा

श्री ५ को सरकारको सचिव ।



९८३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।